# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ Katahari, Morang

Ph:-021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No:
च.नं./Ref.No.

मिति(Date):......................

## लोहन्द्रा खोलाको बालुवा र भरौट बिक्री कर संकलन गर्न (E-BID)ठेक्का बन्दोबस्ती सार्बजनिक सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२६ गते बुधवार)

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) बमोजिम कटहरी गाउँपालिका र धनपाल गाउँपालिकाको कार्यालयले चुरे तथा वनक्षेत्र बाहेक बालुवा तथा भरौट,विक्री शुल्क संकलन गर्न तपशिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपरेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर तथा आ.ब.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्रमा भाग लिनका लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्यूनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | KRM/NCB/G/12/081/082 | लोहन्द्रा खोला बालुवा तथा भरौट दहत्तर बहत्तर शुल्क असुली | कटहरी गाउँपालिकाको सतारी घाट,बालुघाट , हुरहुरिया घाट र धनपालथान गाउँपालिकको बालु घाट , राम घाट | भरौटः- ३३१८९२.०९<br>बालुवाः- ४३७८३५.१५ | ४५५८४३८/- | ३०००/- |

**ठेक्का कबोलका लागि शर्तहरुः-**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं. KRM/NCB/G/12/081/082 को लागि रु.३०००/-(तीन हजार) मात्रको यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्क कटहरी शाखामा रहेको आन्तरीक राजश्व खाता नं. २१९०१००३०१०१०००२ खर्च शिर्षक १४२२९ मा दाखिला गरि PPMO को बेवसाईट htt:/bolpatra gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र बोलपत्र E-Bidding द्वारा खरिद गर्नु पर्नेछ ।

२. बोलपत्र फारमको यो सूचना प्रकाशित भएको मितिले ३१(एकतीसौ) दिन दिनको १२: ०० बजे सम्म अनिवार्य oneline दर्ता गराउनु पर्नेछ ।

३. बोलपत्र दर्ता भएको ३१(एकतीसौ) दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।



CamScanner

प्रमुख प्रशासकीय अधिकृत



४. यो बोलपत्रमा ठेक्का कबोल अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय कटहरीमा रहेको गाँउपालिकाको धरौटी **खाता नं २१९०१००३०३००००००२** मा जम्मा गरि सो को सक्कलै भौचर, ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर तथा आ.ब.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्वघोषणा पत्र शिलबन्दी बोलपत्रमा समावेश गर्नुपर्नेछ ।

५. बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेखी छाँप लगाई पेश गर्नु पर्ने छ । बोलपत्रमा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।

७. ठेक्का अवधि ठेक्का सम्झौता भएको मिति देखी २०८२ साल जेष्ठ मसान्त सम्मको लागि हुनेछ ।

८. म्याद नाघि र रित नपुगि प्राप्त बोलपत्रमाथि कुनै कारवाही हुनेछैन

९. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।

१०. बोलपत्र स्विकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद वा ४०% नगद जम्मा गरी बाँकी रकमको कार्यसम्पादन जमानत २०८२ असार मसान्त सम्म म्याद भएको पेश गरी सम्झौता गर्नुपर्नेछ । ठेक्का कबोल वापतको एकमुष्ठ रकम नगद जम्मा गरेमा (मु.अ.कर बाहेक)मा १० प्रतिशत रकम छुट दिइने छ ।

११. ठेक्का सम्झौताको समयमा बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गरेमा कबोलअंकको ४०% जम्मा गर्नु पर्ने छ बाँकी २ किस्ता मध्ये पहिलो किस्ता ४०% वापत १०८१ साल चैत्र मसान्त भित्र र दोस्रो किस्ता २०% २०८२ साल बैशाख मसान्त भित्र जम्मा गर्नु पर्ने छ ।

१२. बालुवा बिक्रिमा भ्याट बाहेक शुल्क प्रति घन फिट रु.७/- र भरौट प्रति घन फिट रु. ४.५० पैसाका दरले संकलन गर्नुपर्ने छ ।

१३. यस कार्यालयले निर्धारण गरेको दर भन्दा बढी असुल गरेको पाईएमा नियम अनुसार कारबाही भई ठेक्का रद्ध समेत हुनेछ ।

१४. बोलपत्र दाताले ठेक्का भोगचलन गर्दा यस गाउँपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ ।

१५. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

१६. बोपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।



CamScanner

कटहरी गाउँपालिका
Katahari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

प.सं./Ltr.No:
च.नं./Ref.No.

Ph:-021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

मिति(Date):......................



प्रमुख प्रशासकीय अधिकृत

१७. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

१८. बालुवा र भरौट विक्रि शुल्क तथा प्राकृति धारा, किनारा, घाट,पुल, पुलैशा,लोग मार्ग तथा सार्वजनिक स्थल क्षति नपुग्ने गरी पुलको ५०० मि. उत्तर र दक्षिण छाडेर मात्र बालुवा र भरौट उठाउन पाईने छ ।

१९. नदिको दुवै किनार २५/२५ प्रतिशत भाग छोडी बालुवा र भरौट संकलन गर्न पाईने छ ।

२०. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रहि बालुवा र भरौट संकलन गर्नु पर्नेछ ।

२१. बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२२. बालुवा तथा भरौट उत्खन्न गर्दा कुनै किसिमको हेब्वी ईक्यूपमेन्ट प्रयोग नगरी श्रमिकको मात्र प्रयोग गरि निकाल्नु पर्नेछ। तथा सो अनुसार निकाल्न सकिएन भने कुनै कसिमको माग दाबी गर्ने पाइने छैन ।

२३. ठेक्का वा बिट डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागी बोलपत्र दाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२४. यस बाहेकका अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

शिक्षा कृषि उद्योग र पुर्वाधार, समृद्ध कटहरीको मूल आधार
Website:- kataharimun.gov.np / facebook:www.facbook.com/kataharimun
email:-ito.kataharimun@gmail.com, katahari gaupalika@gmail.com, info@kataharimun.gov.np

CamScanner